म.जि. प्र. का. द.नं. : १०६/०६८,   वर्ष १२,   अंक ९२   सोमबार २८ कात्तिक २०७९   ने. सं. ११४३ कछलाथ्व   14 November, 2022   www.sajhakuranews.com   पृष्ठ संख्या ४   मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ड्राइभिङ स्कुल संघ अध्यक्षमा रानाभाट

हेटौंडा, २७ कात्तिक/ ड्राइभिङ स्कुल संघ मकवानपुरको अध्यक्षमा सरस्वतीदेवी रानाभाट चयन भएकी छन् । हेटौंडामा भेला आयोजना गरेर संघ शाखा स्थापना गर्दै रानाभटको अध्यक्षतामा १० सदस्यीय कार्यसमिति निर्माण भएको हो ।

संघको जिल्ला उपाध्यक्षमा उत्तमकुमार लामिछाने, सचिवमा रमेशकुमार कोईराला, सहसचिवमा रामकुमार पौडेल र कोषाध्यक्षमा राधेश्याम केसी चयन भएका छन् । सदस्यहरुमा सागर थापा, सागर गुरुङ, राजकुमार तामाङ, शंकर क्षेत्री र छेगु लामा चयन भएका छन् । संघको केन्द्रीय अध्यक्ष रामचन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा केन्द्रीय वरिष्ठ उपाध्यक्ष खगेन्द्र बुढाथोकी, उपाध्यक्ष डम्बर बहादुर थापालगायतको आतिथ्यता थियो ।

## निर्वाचन धुमधाम बनिरहँदा किसान भने मल नपाएर अप्ठेरोमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुरको मकवानपुरगढी, बकैया, मनहरी, बागमती र हेटौंडा उपमहानगरपालिकाभित्रका कृषकलाई आलु लगाउने चटारो छ ।



किसानलाई आलु लगाउने चटारोले सताइरहेको छ भने जिल्लास्थित राजनीतिक दलका नेता कार्यकर्तासँगै उम्मेदवारहरुलाई निर्वाचन धुमधाम लागिरहेको छ । गाउँमा निर्वाचनको रौनकतासँगै किसानलाई खेतीपातीमा भ्याइनभ्याई भइरहेको छ । तर, बिडम्बना नेता र कार्यकर्ता चढेको गाडी सडकमा सरर दौडिँदा किसानहरुलाई भने मल नपाएर आलु लगाउनै नपाउनुको पीडाले भतक्कै पोलेको छ । आलुको ड्याङ बनाउँदा डीएपी मल आवश्यक पर्दछ । बजारमा आलु लगाउन चाहिने डीएपी मलको अभाव छ भने युरिया मल छ्यापछ्याप्ती छ ।

निर्वाचनमा भुलिएको सरकारले आलु लगाउने बेलामा डीएपी मल नल्याउँदा किसानहरु मर्कामा परेका हुन् । कृषि सहकारीहरुबाट बल्लतल्ल मल पाए पनि घण्टौंसम्म लाइन बस्नु परेको किसानहरु बताउँछन् ।

हेटौंडा उपमहानगर पालिका-१ भैरबडाँडाका विनोद सापकोटालाई मल नपाएर आलु लगाउन समस्या भएको छ । बिहान उठ्ने बित्तिक्कै बजार आइपुग्ने सापकोटाले ५ दिनदेखि मल खोज्दा पनि नपाएको बताए । राप्तिरोडबाट बसपार्कतर्फ जाने क्षेत्रमा मल खोज्न भौतारिएका सापकोटाले भने, 'मैले ब्ल्याकमै मल किनौं भन्दा पनि पाइनँ,' आफूलाई र गाउँका आफन्तलाई मल खोजिरहेका सापकोटालाई खेतमा आलु लगाउन हतार भइसक्यो । तर, डीएपी मल अहिलेसम्म नपाएको उनले बताए ।

'बजारभरि युरिया नामको मलमात्रै रहेछ । मलाई चाहिएको छ, डीएपी मल । सहकारीले बाँड्छ भनेको सुनेको छु । अब कहाँको सहकारी खोज्दै जानु', उनले गुनासो गरे । मनहरी हाँडीखोलाका गोपाल तिमल्सिनालाई पनि यस्तै समस्या परेको छ । उनले आलु लगाउन मल खोजेको धेरै दिन भएपनि नपाएको गुनासो गरे । भीमफेदी गाउँपालिका-१ घर भएका जीवन बिष्ट खेतमा ट्याक्टर लगाइरहे पनि उनको मनमा मल कहाँ पाइएला भन्ने चिन्ताले पिरोलिरहन्छ । ट्याक्टरले खेत जोतेर आलु लगाउने तयारी गरेका उनले यसअघि खोजेर पनि मल पाएनन् । अघिल्लो वर्ष पनि डीएपी मल नपाउँदा उनले कुखुराको भुस मल हालेर आलु लगाएको सुनाए ।

कुखुराको मलमात्रै हाल्दा राम्रो आलु उत्पादन नभएको उनले बताए । आलु लगाउन खोजेको १० दिन भइसक्यो अझै डीएपी मल पाउन नसकेको बिष्टले बताए । भीमफेदीका पुडासैनीमात्र हैन मकवानपुरका आलु उत्पादन हुने फाँटका अधिकांश किसानलाई मल नपाउँदा समस्या परेको हो । नगदे बालीका रुपमा रहेको आलु नलगाए कृषकलाई आम्दानी र खान किन्नु पर्ने समस्याले पिरोलिरहन्छ । उनीहरुको समस्यामा प्रत्यक्ष सहयोग गर्न कुनै निकायले चासो देखाएको छैन । तर, मल नपाएर प्रताडित बनेका उनै कृषकका घर, आँगनमा निर्वाचन लागेका उम्मेदवारहरु नेता र कार्यकर्ताको जम्बो टोली बोकेर मत माग्न पुगिरहेका छन् ।

मकवानपुरमा दुई वटा प्रतिनिधिसभा र चार वटा प्रदेशसभा निर्वाचन छ । जसमा ठूला तथा साना दल, स्वतन्त्र गर`र ६० जना भन्दा बढी उम्मेदवार मैदानमा छन् । सबै उम्मेदवार कृषकका घरको ढोकासम्म पुगिर हेका छन् । तर, कृषकलाई आपत परेको विषयमा कसैले चासो नदेखाएको मकवानपुरगढी गाउँपालिका-५ का शिवराज तिमल्सिना बताउँछन् ।

आफ्नो घरमा पनि उम्मेदवार भोट माग्न आएको बताउने उनले मलको अभाव छ कि छैन भनेर एकपटक कसैले नसोधेको गुनासो गरे । 'उनीहरुले मल ल्याउन सक्थे की सक्दैन थिए मलाई थाहा छैन । तर, काम गर्ने बेला छ, समस्याहरु के छन् भनेर कसैले सोध्दैन । हामीलाई भोट दिनूस् है भनेर कागज छोडेर हिँड्छन्', उनले भने ।

मकवानपुरगढी-५ कै कृष्णप्रसाद ढुंगानाले मल नपाएर आलु लगाउन नपाएको सुनाए । खेतमा खनिरहेको अवस्थामा भेटिएका ढुंगानाले नेताहरुलाई भोट माग्न आउन पनि अप्ठ्यारो लाग्नुपर्ने बताउँछन् । 'यो देशमा नेताहरुलाई कहाँ लाज लाग्छ र । संधै यस्तो र उस्तो गर्छु, रोजगार दिन्छु भनेर आउँछन् । देशमा काम गरेर खान्छु भनेर कसैले नसोचे पनि हुन्छ', उनले दु:ख पोखे ।

## हाँडीखोलाको विकासले तीव्रता पाउँछः बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर-२ प्रदेशसभा (ख) मा लोकतान्त्रिक-बाम गठबन्धनका उम्मेदबार ईन्द्रबहादुर बानियाँले गठबन्धनको सरकार बनेपछि मनहरी गाउँपालिकाको हाँडीखोला क्षेत्रको विकासले तीव्रता पाउने बताएका छन् ।

मनहरी-५ बसन्तपुरमा आइतबार गठबन्धनले आयोजना गरेको चुनावी कोणसभा तथा घरदैलो कार्यक्रममा सम्बोधन गर्दै बानियाँले पूर्व-पश्चिम राजमार्गसँग हाँडीखोलालाई जोड्न राप्तीखोलामा पक्की तथा झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिइने बताएका हुन् । बागमती प्रदेशमा गठबन्धनको सरकार बनेसँगै राप्ती खोलामा पक्की पुल निर्माणको लागि बजेट विनियोजन भइसकेको भन्दै अबको केही समयमा ठेक्का आह्वान गरी काम सुरु हुने बानियाँले बताए ।

'नेकपा एमालेले साढे ३ वर्ष प्रदेश सरकारको नेतृत्व गरिरहँदा हाँडीखोलालाई उपेक्षा गरेको थियो । गठबन्धनको सरकार बनेपछि हामीले रजैया दरदरा जोड्ने पक्की पुल र बस्तीपुर-मनहरी-३ जोड्ने पक्की पुलमा बजेट विनियोजन गरेका छौं । यसले हाँडीखोलाबासीलाई धेरै राहत हुनेछ', बानियाँले भने । हाँडीखोलामा कृषि तथा पशुपालनको हब बनाइने उनले बताए । बीउबीजन तथा रासायनिक मल समयमा उपलब्ध गराउने, कृषिउपजको भण्डार र उचित बजार व्यवस्थापन गरिने बानियाँले बताए ।

बानियाँले नेकपा एमालेले जनताले ल्याएको उपलब्धिलाई मास्न खोज्ने, राजावादी र देश टुक्र्याउन खोज्नेसँग तालमेल गर्ने जस्ता गतिविधि गरिरहेको भन्दै अब जनताले यो निर्वाचनमा प्रतिगमनकारीहरुलाई परास्त गर्ने बताए । उनले प्रदेशका १३ जिल्लामा रहेका विपन्न र निमुखा जनतालाई आवास कार्यक्रमअन्तर्गत् १० हजार घर निर्माण गरी हस्तान्तरण गरिने बताए ।

## जग्गा फिर्ताको माग गर्दै पीडककै घरमा धर्ना

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ हेटौंडामा दृष्टिबन्धकीबाट जग्गा गुमाएका पीडित जगतबहादुर सुनार र उनका सहयोगीहरुले पीडक भनी आरोप लगाइएको व्यक्तिकै घरमा धर्ना दिएका छन् ।

पीडित सुनारले आइतबार हेटौंडा-१ बुद्धचोकमा रहेका व्यवसायी नियमराज शाक्यको घरमै धर्ना दिएका हुन् । तत्कालीन समयमा व्यवसायी शाक्यले दृष्टिबन्धकीको नाममा आफू र आफ्नो बाबु पदमलाल सुनारलाई जालझेल गरेर जग्गा राजीनामा पत्रमा हस्ताक्षर गराएर ११ कठ्ठा १६ धुर जग्गा लिएको सुनारको आरोप छ । जिल्ला प्रहरी कार्यालयमा यसअघि पीडित पक्ष र पीडक पक्ष भनिएको शाक्यबीच जग्गा फिर्ता गर्ने मौखिक सहमति कार्यान्वयन नगरेपछि आफू घरमै पुगेर धर्ना बस्न बाध्य भएको पीडित सुनारले बताएका छन् ।

आइतबार सुनारसहित उनका सहयोगीहरुले प्लेकार्ड बोकेर धर्ना दिएका थिए । पीडित सुनारले धर्ना दिँदा पनि शाक्यले जग्गा फिर्ता नगराए आमरण अनशन बसेर भएपनि न्याय माग्ने बताएका छन् । जगतबहादुरले तत्कालीन समयमा आफ्नो व्यवसाय बिस्तारको लागि बुवासँगै आफूले शाक्यसँग दृष्टिबन्धकी गरेर ५० हजार ऋण लिएको तर, सो पत्र दृष्टिबन्धकी नभई जग्गा राजीनामा पत्र रहेको केहि वर्षपछि मात्र थापा पाएको दाबी गरे । उनले घटना १९ वैशाख २०५४ सालको भएको बताएका छन् ।

१० साउन २०५९ सालमा जग्गा राजीनामा भएको थाहा पाएपछि ऋण चुक्ता गरेर जग्गा फिर्ता लिन खोज्दा शाक्यले बारम्बार झुक्काइरहँदा सोही समयबाट आफ्नो परिवारले तनाब झेलिरहेको सुनारले बताए । उनले तत्कालीन समयमा शाक्यको घरमै सुन व्यवसाय गर्दा उनलाई आफ्नो बाबुले नजिकबाट विश्वास गरेको तर, शाक्यले आफ्नो परिवारलाई घात गरेर सडकमा पुऱ्याउने काम गरेकामा दु:खेसो पोखे । उनले शाक्यले विगतदेखि नै जग्गा फिर्ता गर्ने आश्वासन दिँदै आएको तर हालसम्म पनि फिर्ता नगरेको बताएका छन् । उक्त जग्गासम्बन्धी विवाद जिल्ला अदालतमा पुगेको छ ।

मुद्दा बिचाराधीन भएपनि सुनार शाक्यबिरुद्ध आन्दोलनरत् छन् । हेटौंडाका सामाजिक अभियन्ता विशालराज मतहले शाक्यले सुनार लाई जालझेल गरेको भन्दै सुनारले न्याय पाउनुपर्ने बताए । उनले जग्गा दृष्टिबन्धकीको नाममा अरुको पैतृक सम्पत्तिमा नजर लगाउन नमिल्ने समेत बताए । लेखापढीको काम गर्दै आएका उदयराज ओलीले दृष्टिबन्धकीको नाममा शाक्यले जग्गा राजीनामा हस्ताक्षर गर्न लगाउनु गलत कार्य भएको दाबी गरे ।

## उम्मेदवार मोक्तानद्वारा पाँच वटा चुनाबी सभा सम्बोधन

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ मकवानपुर क्षेत्र नम्बर २ 'क' मा लोकतान्त्रिक-बाम गठबन्धनका साझा प्रदेशसभा सदस्य पदका उम्मेदवार एवम् नेकपा माओवादी केन्द्रकी पोलिटब्युरो सदस्य कुमारी मोक्तानले आइतबार उत्तरी मकवानपुरको पाँच वटा चुनाबी कोण सभालाई सम्बोधन गरेकी छन् ।

उम्मेदवार मोक्तानले आइतबार एकैदिन उत्तरी मकवानपुरको पाँचवटा चुनावी कोण सभालाई सम्बोधन गरेकी हुन् । कोण सभालाई सम्बोधन गर्दै उनले निर्वाचित भएपछि स्थानीय सबै समस्याको पहिचान गरी समाधान एवम् विकास निर्माण गर्ने प्रतिबद्धता जनाइन् ।

'प्रदेश सांसद् र केही समय मन्त्री भएपछि मेरो निर्वाचन क्षेत्रको विकासको लागि धेरै बजेट ल्याई विकास गर्ने काम गरेको छु', बागमती प्रदेशकी सामाजिक विकास मन्त्रीसमेत रहनु भएकी उनले भनिन्, 'अझै यस क्षेत्रमा धेरै बजेट र विकासको आवश्यकता छ, त्यसका लागि मलाई र गठबन्धनलाई अमूल्य भोट दिनुहोस् ।'

विगतको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य तथा स्थानीय तह निर्वाचन, २०७९ को नतिजा र चुनावी कोणसभामा उत्साहजनक जनसहभागितालाई हेर्दा कुमारी मोक्तानको जीत सुनिश्चित रहेको नेकपा माओवादी केन्द्र थाहा नगर पालिका वडा नम्बर ४ का अध्यक्ष जमिन दियालीले बताइन् ।

थाहा नगरपालिकाको वडा नम्बर ४ को ठूलो माखु र रुप्से तथा वडा नम्बर ५ को पिङडाँडा, भट्टीडाँडा र खोलाखर्कमा चुनावीसभा आयोजना गरिएका हो ।

वडा नम्बर ४ को कार्यक्रम नेपाली काँग्रेस थाहा ४ का वडा सभापति श्रीकृष्ण केशीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा नेकपा माओवादी केन्द्र बागमती प्रदेश सदस्य तथा क्षेत्र नम्बर २ निर्वाचन परिचालन संयोजक लवशेर विष्ट, मकवानपुर सदस्य अरुण रायमाझी, थाहा नगर पालिकाका मेयर विष्णु विष्ट 'आदर्श' लगायतले लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवारलाई भोट दिई जिताएर थाहा नगरसँगै जिल्ला, प्रदेश र देशको विकासमा योगदान दिन सबैलाई आग्रह गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

BBS ADMISSION OPEN



Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

# मधुमेह र स्वास्थ्य परीक्षण

आज १४ नोभेम्बर अर्थात् विश्व मधुमेह दिवस । सन् २००६ देखि आजको दिनलाई विश्व मधुमेह दिवसका रूपमा संयुक्त राष्ट्रसंघले पनि आधिकारिकता दिएको थियो । मधुमेह (डायबिटिज, सुगर अर्थात् चिनीरोग) को उपचारमा हालसम्म सबैभन्दा प्रभावकारी देखिएको इन्सुलिनको आविष्कारक सर फ्रेड्रिक बान्टिङको जन्मदिन १४ नोभेम्बरमा नै भएकाले यो दिनलाई मधुमेह दिवसको रुपमा विश्वभर मनाउन थालिएको हो । सर बान्टिङ र चार्ल्स बेस्टले सन् १९२२ मा पहिलोपटक संयुक्तरुपमा मधुमेह वा डायबिटिजको उपचार का लागि इन्सुलिनको आविष्कार गरेका थिए । यसवर्ष 'एजुकेशन टु प्रोटेक्ट टुमरो' अर्थात् भविष्यलाई सुरक्षित गर्नका लागि स्वास्थ्य शिक्षाको महत्वलाई नाराको रुपमा उजागर गरिँदैछ । जीवनशैली र वंशाणुगत कारणले बर्षेनि विश्वमा लाखौँ मानिसहरू मधुमेहको सिकार बनिरहेका छन् ।

अहिले मधुमेह वा डायबिटिजको उपचार नेपालमा पनि सहज बन्न थालिसकेको छ । त्यसैले समयमा नै मधुमेहको पहिचान गरेर उपचार गर्ने हो भने हामीले पछि गम्भीर समस्याहरूबाट प्रताडित हुनु पर्दैन । विश्वमा अहिले ४६ करोडभन्दा बढी मानिसमा यो रोग देखिएको छ । नेपालमा पनि ८ प्रतिशतसम्म मानिसमा डायबिटिज भएको हुनसक्ने अनुमान छ । चिकित्सकहरूले डायबिटिज हुने सबैभन्दा जिम्मेवार कारणलाई हाम्रो जीवनशैली मान्छन् । मधुमेह दुई प्रकारका हुन्छन् । हाम्रो प्यान्क्रियाजका कोषहरू भत्किएर इन्सुलिन उत्पादन हुन नसक्दा हुने मधुमेह पहिलो प्रकारको मधुमेह हो । यो विशेषत: बच्चाहरूमा देखिन्छ । अरू उमेर समूहका मानिसहरूमा पनि यो हुन सक्ने र यसको एकमात्र उपचार इन्सुलिन दिनु रहेको चिकित्सकहरु बताउँछन् । विश्वका मानिसहरूमा देखिने सबैभन्दा साधारण मधुमेह हो । जुनसुकै उमेर समूहका मानिसमा पनि यो मधुमेह देखिन सक्छ । यसलाई चिकित्सकीय भाषामा दोस्रो प्रकारको मधुमेह भनिन्छ । मानिसको प्यान्क्रियाजले उत्पादन गर्ने इन्सुलिनलाई शरीरले सही प्रयोग नगर्दा यो मधुमेह हुन्छ । मानव शरीरमा आवश्यक 'सुगर'को सही सन्तुलन नहुँदा यस्तो हुन्छ । केही काम गर्ने शक्ति वा ऊर्जाका लागि पनि सुगरको आवश्यकता हुन्छ । तर, शरीरमा यसको सही वितरण नहुँदा समस्या निम्तिन्छ ।

मधुमेह हुने प्रमुख कारण मोटोपना हो । अन्य कारणहरुमा तनाव लिनु, उच्च रक्तचाप, कोलेस्ट्रोलको मात्रा बढ्नु र वंशाणुगतरुपमा सरेर पनि मधुमेह हुन सक्छ । मधुमेह कुनै ठूलो रोग नभएको पछिल्लो उपचार पद्धतिले पनि प्रमाणित गरिसकेको छ । यसलाई समयमा नै उपचार गर्ने हो भने यसबाट हामीले छुट्कारा पाउन सकिन्छ । मधुमेह समयमा नै थाहा भयो र यसलाई नियन्त्रणमा लिन सकियो भने यसका कारण हुनसक्ने विभिन्न गम्भीर रोगबाट बच्न सकिन्छ । मिर्गौला, कलेजो, मुटु, आँखालगायत महत्वपूर्ण अङ्गमा ठूलो असर गर्नसक्ने भएकाले मधुमेहबाट बच्न समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २९ गते मंगलबार १५ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष सप्तमी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धार्मिक काममा रुचि बढ्नेछ | **तुला** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **वृष** | : काममा एकरुपता आउनेछ | **वृश्चिक** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **मिथुन** | : यात्राबाट लाभ हुनेछ | **धनु** | : काममा प्रगति हुनेछ |
| **कर्कट** | : धनको समस्या पार लाग्नेछ | **मकर** | : व्यापारमा लाभ हुनेछ |
| **सिंह** | : दिन राम्रोसंग बित्नेछ | **कुम्भ** | : परीक्षामा सफलता मिल्नेछ |
| **कन्या** | : चोट लाग्ने सम्भावना देखिन्छ | **मीन** | : पढाइमा रुचि बढ्नेछ |

# भाषणमा फ्री-भिसाको प्रलोभन, घोषणापत्रमा देशभित्रै रोजगारीको गफ !



**सन्जिता देवकोटा**

प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव नजिकिएसँगै दल र उम्मेद्वारहरु भोट माग्ने दौडधुपमा छन् । चुनावी घोषणापत्र सार्वजनिक गरेका सबै दल र उम्मेद्वारहरुले देशभित्रै रोजगारी सृजना गर्ने र वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने कुरालाई प्राथमिकता पनि दिएका छन् । कतिपय दलले वार्षिक ५ लाख रोजगारी सृजना गर्ने भनेका छन् भने कतिपयले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत न्यूनतम ६ महिनाको रोजगारी सृजना गर्ने, पालिकामा बेरोजगारहरुको तथ्याङ्क सङ्कलन गर्ने, पालिकास्तरमै युवा विभागको गठन गर्नेजस्ता रसिला कुरा गरेका छन् ।

तर घोषणापत्रमा जे जस्ता कुरा लेखिएका भए पनि केही दलका नेता र उम्मेद्वारहरुले मतदातालाई फ्रि भिसा र फ्रि टिकटको लोभ देखाएर भोट मागिरहेका छन् । सरकारको फ्री भीसा फ्री टिकटको निर्णय कागजमा मात्र सिमित भएपछि पछिल्ला वर्षहरुमा केही गन्तव्य देशसँग रोजगारदाता देशहरुसँग सरकारले 'इम्प्लोयर पे मोडल' अर्थात् नेपालबाट कामदार लैजादा लागत खर्च सम्पूर्ण रोजगारदाताले नै व्यर्होने गरी श्रम समझदारी गरेको छ ।

तर कार्यान्वयन हुन नसकेको यही फ्री भीसा फ्री टिकटको कुराले गएको पालिका चुनावदेखि नै निकै चर्चा पाएको छ । पालिका चुनावको प्रचार गर्ने क्रममा नेपाली काँग्रेसकी केन्द्रीय सदस्य तथा प्रधानमन्त्री पत्नी आरजु राणा देउवाले भाषणकै क्रममा मलेसियाबाट फ्री भिसा र फ्री टिकटको अवसर आएको र त्यो अवसर केही युवालाई दिलाउने आश्वासन बाड्दै भन्नुभएको थियो 'कसैले मलाई अलिकति कोटा दिन्छु भनेको छ, फ्री भिसा फ्री टिकटको, सबैलाई लग्न त सक्दैनौं, तर त्यस्तै छ भने जीवनजीले यहाँबाट पाँच छ जनालाई हाल्न सक्नुहुन्छ, त्यसका लागि पहिला इलेक्सन सक्काउ, हामीले केही न केहीलाई रोजगारीका अवसर दिलाउने छौं ।'

उहाँको यो भनाइलाई लिएर निर्वाचन आयोगले स्पष्टिकरण नै सोध्यो । तर यो क्रम त्यतिकैमा रोकिएन । राणाले प्रतिनिधि सभा र प्रदेश सभा चुनावका लागि आफ्ना पतिको उम्मेद्वारी दर्ता गराउन डडेलधुरा पुगेका बेला फेरि पनि यही कुरा दोहोर्‍याउनुभयो ।

राणाले भन्नुभयो 'यहाँबाट चार सय भन्दा बढी युवाहरु रोजगारीका लागि गए, फ्री भिसा फ्री टिकटमा, त्यस्तो स्किमहरु नेपालमा आउछन् तर त्यसलाई यहाँ कसरी ल्याउने भनेर मैले पहल गर्छु ।'

चुनाव लागेपछि फ्री भिसा फ्री टिकटको आश्वासन बाड्नेमा एकिकृत समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल पनि थपिनुभयो । रौतहटको चुनावी कार्यक्रम उहाँले स्थानीय भाषामा बिना ढेउवा अर्थात नि:शुल्क भिसा र टिकट मिल्ने र काठमाण्डौमा तालिम पनि मिल्ने भन्दै मतदाता लोभ्याउने भाषण गरेपछि उहाँको भनाइलाई लिएर निर्वाचन आयोगले स्पष्टीकरण नै सोध्यो ।

तर अध्यक्ष नेपाल भने आफूले भोट माग्न फ्री भिसाको प्रलोभन नबाडेको जिकिर गर्नुहुन्छ । नागरिकले विदेश जान लाखौं पैसा बुझाउन परेको गुनासो गरेपछि आफूले सरकारी नियमबारे प्रष्टाएको उहाँको भनाइ छ ।

'रौतहटमा म्यानपावरका नाममा युवासँग लाखौं रुपैयाँ लिएर विदेश पठाउने गरेको गुनासो आयो, तपाईंको सरकारले किन यसो गरेको भनेर मलाई सोधे नागरिकले' उज्यालोसँगको कुराकानीमा समाजवादीका अध्यक्ष नेपालले भन्नुभयो 'यही कुरालाई नेपाल सरकारको फ्री भिसा फ्री टिकटको नियम छ, विदेश जान पैसा तिर्न पर्दैन, यदि त्यस्तो छ भने त्यसको पछि नलाग्नुहोस् भनेको हुँ, यसलाई प्रलोभन भन्ने हो भने बाटो बनाउछु, स्कुल बनाउछु भन्नु चाहिँ प्रलोभन हैन, मैले बुझ्नै सकिनँ ।'

समाजवादी कै अर्का नेता तथा पूर्व श्रम मन्त्री कृष्णकुमार श्रेष्ठ किसनले पनि युवाहरुलाई फ्री भिसा फ्री टिकटमा वैदेशिक रोजगारीमा पठाउने भन्दै केही युवालाई अन्तवार्ता समेत गराएको आरोप छ । देउवा सरकारमा श्रम रोजार तथा सामाजिक सुरक्षा मन्त्री भैसकेका श्रेष्ठ अहिले तनहुँ छाडेर बारा ४ बाट उम्मेदवार हुनुहुन्छ ।

***भाषणमा फ्री भिसा,घोषणापत्रमा रोजगारी !***

मत आफ्नो पोल्टामा पार्न उम्मेद्वार हरुले नि:शुल्क वैदेशिक रोजगारीमा पठाउने आश्वासन बाडे पनि दलहरुका घोषणापत्रमा भने देशभित्रै रोजगारी सृजनाका मिठा सपना समेटिएका छन् । नेकपा एकिकृत समाजवादी पार्टीले आफ्नो चुनावी घोषणापत्रमा रोजगारी सृजनाका लागि पालिकाहरुमा युवा विभाग गठन गर्ने, १६ वर्षदेखि ४० वर्ष उमेर समूहका युवाहरुको तथ्याँक संकलन गर्ने र उनीहरुमध्ये बेरोजगारलाई रोजगारी दिने र स्वरोजगारका योजना ल्याउने योजना अघि सारेको छ ।

युवालाई देशभित्रै टिकाउन उत्पादन वृद्धिमा जोड दिने, दक्ष र बौद्धिक जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न आफ्नै गाउँ शहरमा रोजगारीका अवसर सृजना गर्ने, प्रत्येक पालिकामा सीपमुलक तालिम केन्द्र सञ्चालन गर्ने सपना एकिकृत समाजवादीले आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ ।

बजारले मागेको युवाले रोजेको तरुण सीप वृत्ति कार्यक्रम ल्याइने, घरेलु तथा मझौला उद्योगहरुका लागि सरकारले छुट्टै कोषको स्थापना गरी बिना धितो कर्जा प्रवाह गर्ने, विदेशबाट फर्किएका युवालाई अबको जीवन स्वदेशमै नीति अन्तगर्त उनीहरुले विदेशमा सिकेको सीप र आर्जन गरेको पुँजीको आधारमा पालिकासँग सहकार्य गरी उद्यममा संलग्न गराउन प्रेरणा र प्रोत्साहनको कार्य योजना ल्याउने लगायतका निकै रसिला कुरा घोषणापत्रमा समेटिएका छन् ।

यस्तै वैदेशिक रोजगारीमा गएका श्रमिकले कमाएको पैसा उत्पादनशिल क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने योजना बनाउने र यसबारे राष्ट्रिय नीति बनाउन पार्टीले पहल गर्ने, वैदेशिक रोजगारीको क्रममा ठगीमा परेकाहरुलाई न्याय दिलाउने योजना बनाउने, सीप सिकाएर विदेश पठाउने र वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारका लागि परामर्शको व्यवस्था गर्ने कुरा पनि नेकपा समाजवादी पार्टीले घोषणापत्रमा उल्लेख गरेको छ ।

नेपाली काँग्रेसले रोजगारी सृजनाका लागि प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको तालिम केन्द्र सञ्चालन गरेर युवालाई नेपालमै रोजगारी गर्न प्रेरित गर्ने रणनीति लिने, संघीय सरकारको ग्यारेण्टीमा वित्तीय संस्थामार्फत कर्जा सुविधा दिन पहल गर्ने, विपन्नका लागि न्यूनतम सय दिनको रोजगारी प्रत्याभूति गर्ने र विभिन्न क्षेत्रमा वार्षिक २ लाख ५० हजार नयाँ रोजगारी सृजना गर्ने प्रतिबद्धता चुनाबी घोषणापत्रमा गरेको छ ।

नेकपा माओवादीले पनि ५ वर्षभित्र २० लाख युवाहरुलाई छोटो माध्यमबाट रोजगार र स्वरोजगार बनाउने र रोजगारीमा महिलालाई प्राथमिकता दिने, वैदेशिक रोजगारीमा रहेका युवाहरु नेपाल फर्केपछि स्वरोजगारी र रोजगारी सुनिश्चित गर्न राष्ट्रिय रोजगार प्रधिकरणले अनलाइनमार्फत परामर्श दिने कुरा गरेको छ । विदेश जानेहरुलाई एकद्वार प्रणालीबाट सेवा प्रदान गर्ने र विदेशमा रहेकाको समस्या सम्बोधन गर्न उच्चस्तरिय संयन्त्र खडा गर्ने कुरा आफ्नो घोषणापत्रमा गरेको छ ।

२० ग्यारेण्टीसहित नेकपा एमालेले अघि सारेको चुनावी घोषणापत्रमा खेतबारीमा पानी, खाडीमा हैन, स्वदेशमै जवानी भन्दै वर्षमा ५ लाखलाई नयाँ रोजगारी र श्रमिकको न्यूनतम ज्याला २५ हजार रुपैयाँ पुर्‍याउने कुरा उल्लेख गरेको छ । एमालेले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत प्रतिवर्ष तीन लाख परिवारलाई आय आर्जनमार्फत खाद्य सुरक्षा प्रदान गर्ने, सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता गर्ने र सुरुवाती चरणमा व्यवसाय गर्न चाहिँने विउपुँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराइने कुरा पनि घोषणापत्रमार्फत प्रतिवद्धता गरेको छ ।

***घोषणापत्र र यथार्थ***

देशमा बेरोजगारी ब्याप्त छ । रोजगारीको खोजीमा विदेसिने युवाहरुको सङ्ख्या दिनानु दिन बढ्दो छ । चालु अर्थिक वर्षको भदौं महिनामा मात्रै वैदेशिक रोजगारीका लागि करिब ७५ हजार जनाले श्रम स्वीकृति लिएका छन् । घोषणापत्रमा देशभित्रै रोजगारीको कुरा गरे पनि नेताहरुले भोट आफ्नो पोल्टोमा पार्न वैदेशिक रोजगारीकै ललिपप बाडिरेहेका छन् ।

'रोजगारी नपाउने र वैदेशिक रोजगारीलाई नै एकमात्र विकल्प ठान्ने अवस्थामा फ्री भिसा र फ्री टिकटको आश्वासन बाड्दा भोट तान्न सहज हुने देखेर नै नेताहरुको यी कुराहरु गर्नुभएको होला' कार्की भन्नुहुन्छ 'अहिलेको यो अवस्थामा उहाँहरुले यतिलाई पठाउँछौं या पठायौं भन्दै हिँड्नु भनेको सरकारले नै बनाएको वैदेशिक रोजगारीको प्रक्रियाको बारेमा जानकारी नभएको हो कि भन्ने पनि बुझिन्छ ।'

घोषणापत्रमा जे लेखे पनि अघिल्ला चुनावमा जस्तै मतदातालाई आफ्नो पोल्टोमा पार्न दलहरुलाई यसपालि फ्री भिसा फ्री टिकटको आश्वासन बाड्न सहज भएको बुझाई प्रवासी नेपाली समन्वय समिति (पीएनसीसी)का अध्यक्ष कुलप्रसाद कार्कीको पनि छ ।

जसरी यसपाला दलहरुले देशभित्रैको रोजगारीलाई प्राथमिकतामा राखेर वार्षिक यति सङ्ख्यामा रोजगारी सृजना गर्ने भनिरहेका छन्, यथार्थ अवस्था त्यस्तो छैन ।

त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागका प्रमखु प्राध्यापक डा. शिव अधिकारी भन्नुहुन्छ 'यति लाखलाइ रोजगारी सृजना गर्ने भनेर भनिएको छ, तर रोजगारी भनेको पकेटमा राखेको पैसा निकाले जस्तो हुँदैन, रोजगारी त देशको अर्थतन्त्र कसरी अघि बढ्छ त्यसअनुसार आउने हो ! उहाँ भन्नुहुन्छ 'देशको अर्थतन्त्र राम्रो हुँदै गयो, उद्योगधन्दा कलकारखाना खुल्दै गए भने मात्र रोजगारी सृजना हुने हो, लोकसेवा आयोगले खोलेजस्तो ठ्याक्कै यति सयामा भन्नु रोजगारी होइन ।'

दलहरुले घोषणापत्रमा रोजगारीका कुरा जसरी उल्लेख गरेका छन् त्यसैगरी स्वरोजगारीका कुरालाई भने वेवास्ता गरेको उहाँको भनाइ छ । 'रोजगारी त कति दिने हो र , जम्मा जनसङ्ख्याको १५/२० प्रतिशतलाईभन्दा धेरैलाई रोजगारी दिन गाह्रो छ, बाँकी भनेको त स्वरोजगार हो अर्थात रोजगारी आफैंले सृजना गर्ने हो' प्राध्यापक डा. अधिकारी भन्नुहुन्छ 'तर दलहरुका घोषणापत्रमा यो विषयलाई कम महत्व दिइएको छ ।'

***बाध्यताको वैदेशिक रोजगारी अन्त्य गर्न ल्याएको कार्यक्रम पैसा सक्ने मेलो***

बाध्यताको रोजगारी अन्त्य गर्न २०७५ सालमा प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याइयो । यो कार्यक्रमको मुख्य उदेश्य पाँच वर्ष भित्र बाध्यताको वैदेशिक रोजगारी अन्त्य गर्ने भनिएको थियो । तर रोजगारी सिर्जना गरेर नागरिकको जीवनस्तर माथि उकास्ने कार्यक्रम सुरुको वर्षदेखि नै विवादित भयो ।

यो कार्यक्रम शुरु भएको पाँचौं आर्थिक वर्षमा पनि बजेटको सही ठाउँमा उपयोग नहुँदा यसको प्रभावकारीता सन्तोषजनक छैन । रोजगार कार्यक्रमको बजेट सडक नाली सफा गर्ने, झार उखेल्ने, बाँदर लखेट्ने लगायतका काममा खर्च गरिएकोमा कार्यक्रमको ब्यापक आलोचना भैरहेको छ ।

अधिकांश दलहरुले देशमा उद्योग तथा व्यवसाय गर्नका लागि बिउ पुँजी उपलब्ध गराउने, बिनाधितो ऋण उपलब्ध गराउने कुरालाई जोड दिएका छन् । तर यसअघि पनि वैदेशिक रोजगारीबाट फर्किएकालाई सहुलियतमा ऋण दिने नभनिएको हैन । सरकारले सबै बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था कागजी रुपमा गर्ने र व्यवहारमा भने नागरिकले नपाउने वास्तविकता हाम्रै सामु छ ।

यसपालि पनि दलहरुले चुनावी घोषणापत्रमा गरेका बाचालाई विश्वास गर्न कठिन छ । दलहरु गठबन्धन गरेर चुनावी मैदानमा उत्रिएका छन् । तर उनीहरुको घोषणापत्र भने फरक फरक छन् ।

रोजगारी सृजनाका एजेण्डामा समेत फरक फरक कुराहरु समेटिएका छन् । दलका शिर्ष नेताले नै देशभित्रको रोजगारीभन्दा नि:शुल्क वैदेशिक रोजगारीलाई चुनाव जित्न अस्त्रको रुपमा प्रयोग गरेको बेला उनीहरुले कागजमा बाँडेको आश्वासनलाई मतदाताले के को आधार मा विश्वास गर्ने !

*साभार:उज्यालो अनलाइनबाट*

---

# छोरीलाई सम्पत्तिको अधिकार किन ?

**डा. सबिता पौडेल**

महिलालाई जहिल्यै घरभित्रै सीमित रहनुपर्छ भन्ने ठानिन्छ । घरबाहिर पनि अनेकथरी बन्धनले बाँधिएको छ । नारीले आफ्नो अभिमत राख्न सक्छे । एक्लै जे पनि गर्न सक्छे भनेर यो समाजले अझै विश्वास गर्दैन । अझ भनौं, महिलाको आफ्नो स्व-औकात, स्व-विवेक र स्वाभिमान हुन्छ भनेर धेरै पुरुष र महिलालाई नै पनि शंका छ । नारीलाई आफ्नो पुरुषार्थ पूरा गर्न मात्र प्रयोग हुने साधन ठानेको यो समाज अझै पनि नारीको स्वतन्त्र अस्तित्व स्वीकार गर्न तयार छैन ।

समस्याको जड कहाँ छ त भनेर घोत्लिंदा जवाफ एउटै चिजको वरिपरि घुम्छ- सम्पत्तिको अधिकार । बुहारीमाथि हुने अत्याचार, घरेलु हिंसा, छोरीमाथि हुने भेदभाव, सबैको मूल समस्या हो, छोरीलाई सम्पत्तिको हक नदिइनु । सम्पत्ति दिनु भनेको पैसा दिनु मात्र होइन । यो स्वतन्त्रता हो । समानता हो । आत्मसम्मान हो । भलै एक रुपैयाँ किन नहोस, दाजु-भाइ र दिदीबहिनीमा बराबर बाँडियोस भन्ने हो । संकीर्ण सोचहरू अवसर सुनिने गर्छ, 'परबाट पनि सम्पत्ति पाउने अनि माइतीबाट पनि दोहोरो फाइदा' तर यसो होइन, किनकि, यो आर्थिक लेनदेनको मात्र विषय हुँदै होइन । यो आत्मसम्मानको विषय हो । छोरीलाई बराबर सोचिन्छ भन्ने प्रतीकात्मक सन्देश हो र त्यसले छोरीलाई दिने आत्मविश्वास हो । आत्मविश्वास छोरीले आफ्नो लागि बोल्न सक्ने र लड्न सक्ने साहस हो । पढे-लेखेर, आफ्नै खुट्टामा उभिएर पनि, श्रीमान् र सासू-ससुराले गर्ने हेलाँ, शोषण र घरेलु हिंसाको जवाफ हो ।आर्थिक हिसाबले सबल हुनु भनेको धेरै अरू आर्थिक उन्नतिको बाटो खुल्नु हो । तर त्योभन्दा बढी अरू नै हो । छोरीले बाबुआमाको लागि हरेक हिसाबले (आर्थिक, सामाजिक) सरसहयोग गर्न खोज्दा श्रीमान् लगायत परिवारका अरू सदस्य र समाजले गर्ने रोकावटको जवाफ हो । छोरीले श्रीमान्कै घरबारे मात्र सोच्नुपर्छ भन्ने कुविचारको अन्त्य हो । छोरीको घरका सदस्यले ज्वाईंलगायत उनका घरका सदस्यलाई अति नै सम्मान गर्छन् । जुन रैतीले शासकलाई गर्ने व्यवहार जस्तो देखिन्छ भन्दा फरक नपर्ला ।

कुरा त्यसमा आउन सक्ने परिवर्तनको हो । बिहे गरेर केटी केटाकै घरमा जानुपर्छ भन्ने मानसिकताको समाधान पनि हो । मेरी एक साथीलाई श्रीमान् र सासूससुरा भनेपछि जीउ काप्छ । किनकि, उनी घरेलु हिंसाको शिकार भइन् ।अर्की विवाहित साथी स्वावलम्बी छ । सक्षम छ । सबै जिम्मेवारी आफैं बहन गर्छे । तर पनि स्वतन्त्र छैन । भलै हिंसामा पर्नु परेको छैन, त्यही पनि अझै विश्वासको पात्र बन्न सकेकी छैन । यी घटनाहरूले एउटै कुरा प्रतिबिम्बित गर्छ, महिलामाथि हुने हिंसा । शारीरिक र मानसिक हिंसा । भलै सानो नै किन नहोस, प्राय: दिदीबहिनी र विशेष गरी विवाहितले यस्ता खाले हिंसा भोगेका छन् । आत्मविश्वास छोरीले आफ्नो लागि बोल्न सक्ने र लड्न सक्ने साहस हो । पढे-लेखेर, आफ्नै खुट्टामा उभिएर पनि, श्रीमान् र सासू-ससुराले गर्ने हेलाँ, शोषण र घरेलु हिंसाको जवाफ हो ।

छोरीका बाबुआमालाई छोरीले बिहे पछि त घर नै हेर्छे । हामीले यति दु:ख गरेर हुर्कायौं, पढायौं । तर कहाँ हेर्छन् भन्ने सोच, कहिलेकाहीं हेयभाव पनि राखिन्छ । यसको निरुपण पनि हो पैतृक सम्पत्तिको अधिकार । किनकि, बराबर हक दिएपछि छोरीलाई बाबुआमालाई हेर्नबाट कसैले रोक्न सक्दैन । छोरीलाई पनि मलाई त बराबर सोचेको छैन, मैले किन गर्ने, दाजुभाइले गर्छन् भन्ने सोच हुँदैन । आजका हामी जस्ता छोरी बारम्बार यस्तै सोचले पिरोलिने गर्छन् । आजका छोरीहरू आफैं पनि सक्षम छन् । सभ्य छन् । सही, गलत खुट्याउन सक्छन् । कसैको गलत सोचलाई तार्किक प्रतिकार गर्न सक्छन् । गलत बाटोमा सकेसम्म हिंड्दैनन् । बस एउटै चिजले विचलित छन्, किन अझै हामी पुरुष बराबर छैनौं ? संसारभरका महिलावादीहरूले त्यसै विद्रोह गरेका होइनन् । हाम्रो देशमा कानुनले हक त दिन्छ, तर कहिलेकाहीं यो लागू हुने हो र समाजमा ? यसो भन्दै समाजमा धेरै आयाम पनि बिर्सनुहुँदैन ।

हामी लेखक त्यसमा पनि सचेत छौं । तर नारीले अधिकारसम्पन्न महसुस गर्न कति कुर्नुपर्ने हो भनेर हीनताबोध चाहिं महसुस गर्छौं । जुन स्वतन्त्रता हाम्रा समकक्षी विकसित राष्ट्रका साथीले भोग गरिराखेका छन् । त्यो कानुनले दिंदा-दिंदै पनि हामीले किन नपाउने ? नेपालको संविधान, २०७२ को धारा (१८) समानताको हकमा लेखिएको छ, 'पैतृक सम्पत्तिमा लैंगिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ ।' राष्ट्रिय महिला आयोगकी पूर्वसदस्य मोहना अन्सारी भन्नुहुन्छ, 'कानुनले बराबर हक दिए पनि महिलाले अफ्नो अधिकार अझै बुझेका छैनन् ।

महिलाहरू यस विषयमा सचेत र जागरुक हुनुपर्दछ ।' स्वतन्त्रता र समानता हरेक मानवको प्रिय चिज हो । जहाँ यी हुँदैनन्, त्यहाँ प्रेम हुँदैन । प्रेम नभएको घर र समाज प्राणविहीन हुन्छ । घरघरमा प्रेम भर्ने र घरकै प्राण (आमा, दिदी-बहिनी)लाई माया र सम्मान दिने एउटै माध्यम छ, पैतृक सम्पत्तिको अधिकार ।

कानुनले नै सुनिश्चित गरेको विषयमा बहस नहुनुपर्ने हो । तर, समानता महसुस गरिएको छैन । त्यसैले बोल्नुको विकल्प छैन । तीजमा बुबाले छोरीलाई गुन्यू चोली दिइन्, छोरीको आर्थिक व्यवहार र उन्नतिमा चासो दिइन्, परे सहयोग गरुन् । आजका महिला अर्थतन्त्रका हिस्सा हुन् । विकासका संवाहक हुन् र समाजको प्रगतिका एक महत्वपूर्ण अंश हुन् भन्ने सबैले बुझ्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# भारतीय अभिनेत्री शबाना आजमी नेपाल आउँदै



भारतीय अभिनेत्री तथा रंगकर्मी शबाना आजमी काठमाडौं आउने भएकी छन् । उनी दोस्रो नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०७९ (निटफेस्ट २०२२) मा सहभागी हुन काठमाडौं आउन लागेकी हुन्।

आउँदो मंसिर ९ गते सुरु हुने महोत्सवको उद्घाटनमा विशेष अतिथिको रुपमा आयोजक मण्डला थिएटरले उनलाई आमन्त्रण गरेको हो।

'सामाजिक रुपान्तरणको लागि रंगमञ्च: विविधिताको उत्सव' भन्ने नाराका साथ हुन लागेको यस महोत्सवमा उनले नेपाली रंगकर्मी तथा कलाकार हरूलाई 'मास्टरक्लास' दिने महोत्सवकी निर्देशक सिर्जना सुब्बाले जानकारी दिइन्।

मास्टरक्लास महोत्सवको दोस्रो दिन मंसिर १० गते साँझ साढे ७ बजे मण्डला थिएटरको मुख्य हलमा हुनेछ। साथै अभिनेत्री शबाना आजमीले महोत्सवले आह्वान गरेको 'इनोभेटिभ आइडिया अवार्ड'का लागि आवेदन परेकामध्ये एक अवधारणालाई पुरस्कृत गर्नेछिन्।

भारतकी चर्चित अभिनेत्री शबाना आजमीले उत्कृष्ट अभिनेत्रीका लागि पाँच राष्ट्रिय फिल्मफेयर अवार्ड तथा विभिन्न अन्तर्राष्ट्रिय सम्मान पाएकी छन्। उनलाई भारत सरकारले सन् १९९८ मा 'पद्मश्री' र सन् २०१२ मा 'पद्म भूषण'बाट विभुषित गरेको थियो । मण्डला थिएटरमा मंसिर १७ सम्म आयोजना हुने महोत्सवमा देश-विदेशका २२ नाटकको सहभागिता हुनेछ । महोत्सवमा नेपालसहित भारत, भुटान, श्रीलंका, रुस, इटाली, स्पेन, बेलायत, बेलारुस, इजिप्ट, संयुक्त राज्य अमेरिका, उरुग्वे र अर्जेन्टिनाका नाटकहरू समावेश छन् ।

# गायक प्रमोद खरेल र बादल थापा २० घण्टा लेबनान अध्यागमनको नियन्त्रणमा



काठमाडौं/गायकद्वय प्रमोद खरेल र बादल थापालाई लेबनानको अध्यागमनले नियन्त्रणमा लिएर छाडेको छ ।

सांस्कृतिक कार्यक्रमका लागि साइप्रस हिंडेका उनीहरुलाई अध्यागमनले २० घण्टा नियन्त्रणमा लिएको हो । गायक थापाले घटनाबारे जानकारी दिएका हुन् ।

उनीहरुको भिसामा शंका लागेपछि राजधानी बेरुतस्थित रफिक हरारी विमानस्थल अध्यागमनका कर्मचारीले शनिबार राति नियन्त्रणमा लिएका थिए ।

उनीहरु साइप्रस नपुग्दा त्यहाँ नेपाली समुदायले आयोजना गरेको कल्चरल म्युजिक प्रोग्राम इन साइप्रस स्थगित भएको छ । कोष ओभरसिज प्रालि र एसएम इभेन्ट इन्टरटेनमेन्ट एण्ड ट्राभल सोलुसनले कार्यक्रम आयोजना गरेका थिए । आयोजकमध्येका केही व्यक्तिले कार्यक्रम रोकिएकोबारेका खबरलाई फेसबुकमा पनि सेयर गरेका छन् । अध्यागमनले रोकेपछि केही दिनमा आफूहरु नेपाल फर्किन लागेको गायक थापाले बताए ।

# पाकिस्तानलाई हराएर इंग्ल्याण्डले जित्यो टी-२० विश्वकप उपाधि



काठमाडौं / बेन स्टोक्सले अविजित अर्धशतकीय योगदान गरेपछि पाकिस्तानमाथि ५ विकेटको जित रच्दै इंग्ल्याण्डले आईसीसी टी-२० विश्वकपको उपाधि जितेको छ ।

इंग्ल्याण्डले टी-२० विश्वकप जितेको यो दोस्रोपल्ट हो । यसअघि सन् २०१० मा उपाधि जितेको थियो । मेलवर्न क्रिकेट मैदानमा पाकिस्तानले दिएको १३८ रनको लक्ष्य इंग्ल्याण्डले एक ओभर बाँकी छँदै पूरा गरेको हो ।

इंग्ल्याण्डलाई जिताउन बेन स्टोक्सले अविजित ५२ रन बनाए । ४५ रन हुँदा ३ विकेट गुमाएर दबावमा रहेको इंग्ल्याण्डलाई उनले जितसम्म पुऱ्याएका हुन् । स्टोक्सले ४९ बलमा ५ चौका र १ छक्का प्रहार गरे। इंग्ल्याण्डका लागि विश्वकपमा स्टोक्सको निर्णायक प्रदर्शन यो दोस्रोपल्ट हो । उनले यसअघि घरेलु भूमिमा भएको एकदिवशीय विश्वकप फाइनलमा न्युजिल्याण्डविरूद्ध अविजित ८४ रन बनाउँदै इंग्ल्याण्डलाई उपाधि दिलाएका थिए ।

इंग्ल्याण्डका लागि ओपनर कप्तान जस बट्लरले २६ तथा ह्यारी ब्रुकले २० रनको योगदान दिए । स्टोक्सले मोइन अलीसँग मिलेर पाँचौं विकेटका लागि ४८ रनको साझेदारी गर्दै जितको आधार तय गरेका थिए । अलीले १९ रनको योगदान गरे । बलिङमा पाकिस्तानका ह्यारिस रउफले २ विकेछ लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ८ विकेट गुमाएर १३७ रनमात्र बनाउन सक्यो । सेमिफाइनलमा न्युजिल्याण्डविरुद्ध शतकीय साझेदारी गरेका ओपनिङ जोडी कप्तान बाबर आजम र मोहम्मद रिजवान छिट्टै आउछ हुँदा पाकिस्तान इनिङ्सको सुरुवातदेखि नै रक्षात्मक बन्न पुगेको थियो ।

रिजवान १५ रन बनाएर आउट हुँदा तेस्रो नम्बरमा आएका मोहम्म ह्यारिसले पनि ८ रनमात्र जोड्न सके । कप्तान बाबर २८ बलमा ३२ रन बनाएर आउट हुँदा ११.१ ओभरमा पाकिस्तान ८४-३ को अवस्थामा पुगेको थियो । त्यसको अर्को ओभरमै आउट भएका इतिकर अहमदले रनको खाता खोल्नै सकेनन् ।

पाँचौं विकेटका लागि शान मसुद र सादव खानले ३६ रनको साझेदारी गरेका थिए । शानले २८ बलमा सर्वाधिक ३८ रन बनाए । सादव २० रनमा आउट भए । त्यसपछि पाकिस्तानका अन्य कुनै पनि ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन् ।

इंग्ल्याण्डका साम कुरानले ३ विकेट लिए । उनले ४ ओभरमा १२ रनमात्र खर्चिए । आदिल रशिद र क्रिश जोर्डनले २ तथा बेन स्टोक्सले १ विकेट लिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चुनाव लगतै 'सरी मम' रिलिज हुने

काठमाडौं/'एन्टी ड्रग्स' अभियान सहित निर्माण भएको फिल्म 'सरी मम'को शीर्ष गीत सार्वजनिक भएको छ । राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गीतमा प्रज्वल श्रेष्ठको स्वर रहेको छ, भने शब्द संगीत प्रज्वल श्रेष्ठ र नवीन बोगटीको छ । आगामी मङ्सिर १५ मा रिलिज हुने फिल्मका निर्माता विनोद लामा हुन् ।

निर्माता लामाले फिल्म एक हप्ता मात्रै हलमा प्रदर्शन गर्ने र त्यो पनि बाग्मती प्रदेशमा मात्रै रिलिज गर्ने घोषणा गरे । हलमा सार्वजनिक प्रदर्शन पश्चात् फिल्मलाई देशव्यापी रूपमा लक्षित वर्गसम्म पुऱ्याउने अभियान सुरु गर्ने लामाले कार्यक्रममा जानकारी दिए ।

कार्यक्रममा अभिनेता हमालले राज्यस्तरबाट सञ्चालन हुनुपर्ने अभियानसहित सोही विषयमा फिल्म निर्माण गरेकोमा निर्माण टिमलाई बधाई दिए । प्याब्सन केन्द्रीय उपाध्यक्ष दीपा थापाले स्कुल कलेजमा पढ्दै गरेका थुप्रै विद्यार्थीहरू कुलतको शिकार बनिरहेको भन्दै त्यो बाटो बन्द गर्न यो प्रकारको फिल्मले सकारात्मक सञ्चार दिने बताइन् ।

मुख्यत: किशोरावस्था र युवापुस्ताका दर्शकलाई लक्षित गरेर निर्माण गरिएको फिल्मको प्रदर्शनी तथा च्यारेटीलाई सरकारी स्तरबाट प्रदेश सरकार, नगरपालिका , गाउँपालिका, नेपाल प्रहरीसँगै नेपाल जेसिज, नार्कोनान नेपाल शिक्षा क्षेत्रमा क्रियाशील संस्थाहरू प्याब्सन, एन-प्याब्स, हिसान , शिक्षक महासंघ लगायतले सहकार्य गरिसकेका छन् । उल्लेखित संस्थाहरूको बलमा निर्माण टिमले जतिसक्दो धेरै लक्षित वर्गमा फिल्म देखाउने उद्देश्य लिएको छ ।

एनएफआई क्रिएशनको ब्यानरमा नविन बोगटीको निर्देशनमा बनेको फिल्ममा सरोज खनाल र सरिता लामिछानेसँगै एलिस राई, प्रभात पल, प्रविल कडेल, आरबि कटुवाल, बिहान श्रेष्ठ, युनिसा बजगाइँ, रेजिना मगर, सरोज बखुरेल, लालमणि भण्डारी अभिनय छ ।

# 'जनताको अपार मायाले मैले चुनाव जित्छु'

मकवानपुरको प्रतिनिधिसभा-१ को ख बाट नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली सत्तारुढ गठबन्धनको तर्फबाट चुनावी मैदानमा छन् । ०७४ मा भएको स्थानीय तहको निर्वाचनमा हेटौंडाको मेयरमा लोकप्रिय मत पाएका उनी झिनो मतान्तरले पराजित भएका थिए । नेपाली कांग्रेस हेटौंडाको निवर्तमान नगर सभापति समेत रहेका पराजुली चुनाव हारेपनि विभिन्न सामाजिक कार्यमार्फत जनतासँग जोडिदै आइरहेका छन् । भुकम्पमा होस् या कोरोना संक्रमणकालमा उनले विपन्न र समस्यामा परेकालाई सहयोग गर्दै आएका छन् । उनै पराजुली पहिलो पटक मंसिर ४ गते हुन लागेको संसदीय चुनावमा पहिलोपटक उम्मेदवार बनेका छन् । प्रस्तुत छ उनको उम्मेदवारीको सेरोफेरोमा केन्द्रित रहेर ***साझाकुराकर्मी श्रीजना नेपाल***ले गरेको कुराकानी :



## आनन्दराम पराजुली

### लोकतान्त्रिक-बाम गठबन्धनका उम्मेदवार

### प्रतिनिधिसभा क्षेत्र नं.-१ (ख), मकवानपुर

***मतदाताहरुलाई कतिको उत्साही पाउनु भएको छ ?***

मतदाताहरु मतदान गर्नको लागि उत्साही हुनुहुन्छ । मतदाताहरुमा आक्रोश र आशा, भरोसा पनि छ । यो पटक काम गर्ने उम्मेदवार चयन गरेर मतदान गर्नुपर्ने भन्नेमा मतदाताहरु रहेको पाएको छु । मतदाताहरुको अपेक्षाहरु पनि धेरै नै छ । विगतको सरकारले पाँच वर्षको लागि मतदान गरेर पठाएको भएपनि सरकारले त्यो मतको अपमान गर्यो । सरकारले प्रतिनिधिसभा विघटन गर्ने काम गरेकोले जनताहरुमा आक्रोश पनि देखिएको छ ।

**चुनावको तयारी कसरी गरिरहनु भएको छ ?**

चुनावको तयारीअन्तर्गत अहिले हामी सकेसम्म सबै मतदाताहरुलाई भेट्न उहाँहरुको घरदैलोमा पुगिरहेका छौ । वडा र टोलहरुमा भइरहेको कार्यक्रम मार्फत आफ्नो एजेण्डाहरु जनतालाई भन्ने काम भइरहेको छ ।

***तपाईको उम्मेदवारी चाँहि किन हो ? तपाईले त्यस्तो के काम गर्नु भएको छ ?***

मैले काम गर्ने अवसर त पाएको छैन । काम गर्ने अवसर पाउनको लागि मेरो उम्मेदवारी हो । २०७४ मा म हेटौंडाको मेयरको प्रत्यासी थिए । त्यतिबेला थोरै मतले म पराजित हुनुपर्यो भने धेरै म तबदर भयो । त्यतिबेला काम गर्न पाएनौ । अब वास्तवमै राजनीतिलाई सेवाको रुपमा हामिले बुझेका छौ । राजनीति पेशा होइन सेवा हो । मकवानपुरको जनताले काम गर्ने अवसर दिनुभयो भने उहाँहरुको सेवाको काम गर्ने भनेर लागेको हो । यद्यपी म पदमा नै नहुँदा पनि काम नगरेको चाँहि होइन । कोरोनाको बेलामा होस् या भुकम्पको बेलामा सकेसम्म मकवानपुरका आमाबुवा, दाजुभाई, दिदिबहिनीलाई हामिले धेरै सहयोग गरेका छौ ।

***तपाईको एजेण्डा के हो ?***

आधारभुत आवश्यकताहरु पनि जनताले प्राप्त गर्न सकिरहेको अवस्था छैन । शिक्षा, स्वास्थ्य, रोजगार, कृषि पर्यटनको योजना लिएर हामि जनतामाझ गइरहेका छौ । सामान्य भन्दा सामान्य काम पनि विगतको सरकारले गर्न नसकेको हामिले देख्यौ । त्यसको पनि आक्रोश जनतामा छ । त्यहि भएर हामि विशेषगरि हेटौंडा अस्पतालको भवन त हामिले राम्रो ठुलो पाएका छौ । तर त्यहाँभित्र मुटुको,किड्नीको डाक्टरहरु स्रोतसाधनहरु प्राप्तन गर्न सकिरहेका छौ । बालबालिका तथा वृद्धहरुको उपचार निशुल्क हुने गरिवहरुको स्वास्थ्य सेवा निशुल्क हुने व्यवस्थ गर्न हामिले सकेका छैनो । पहुँच नहुनेले उपचार नै गर्न नसकेको अवस्था हामिले धेरै देखेका छौ । हेटौंडा अस्पताललाई भौतिक रुपमा मात्रै होइन, यसलाई सबै स्रोतसाधनले राम्रो बनाउने । यहाँबाट उपचारको लागि चितवन जान नपर्ने अवस्था बनाउनको लागि हाम्रो उम्मेदवारी । शिक्षामा विश्वविद्यालय यही स्थापना गर्ने । गरिव र विपन्नको छोराछोरीले पनि यही डाक्टर, ईन्जिनियर र वकिल यही पढेर हुन पाउने व्यवस्थाको लागि पनि लागिरहेका छौ । रोजगारीको लागि हामिसँग हेटौंडामा पुरानो औद्योगिक क्षेत्र पनि छ,परिकल्पना गरेको नयाँ औद्योगिक क्षेत्र पनि छ । व्यवसायीहरुलाई पनि कर छुट दिने हो भने व्यवसाय सञ्चालन गर्न सहज हुन्छ र त्यहाँबाट रोजगारीको अवसर पनि सिर्जना हुन्छ । कृषिको कुरा गर्नुपर्दा विगतको सरकारले पहुँचवालालाईमात्रै अनुदान दिने काम गर्यो । वास्तविक किसानले नपाउने अवस्था चिर्दै वास्तविक किसानलाई अनुदान दिएर प्रात्साह गर्ने काम हामी गर्नेछौ । मठ मन्दिनर र गुम्बाहरुको संवर्द्धन गर्दै पर्यटनलाई बढाउने काम पनि हामी गर्छौं । आँखाले देखिने र छाम्दा छामिने काम गर्नेतर्फ हाम्रो ध्यान छ ।

***नीति नियम बनाउने तहमा तपाईको भुमिका के हुन्छ ?***

कतिपय कुराको नीति नियम निर्माण गर्न बाँकी नै छ । निर्वाचित भएर गएपछि स्वास्थ्य, शिक्षा, पर्यटन लगायत सबैको लागि नीति नियम बनाउनुपर्छ । बालबालिका र महिलाहरुको अधिकारको लागी नीति नियम बनाउन आवश्यक छ । विकास निर्माणको लागि पनि पहिला नीति नियम बनाउनु पर्छ । पहिल नीति नियम बनाएर मात्रै विकास निर्माणको काम सुरु हुन्छ । हामी बागमती प्रदेशमा विकासको लहर ल्याउने अभियानमा छौ ।

***गठबन्धनमा भोट ट्रान्सफर हुनेमा कतिको विश्वस्त हुनुहुन्छ ?***

यो पवित्र खालको गठबन्धन हो । मुलुकलाई आवश्यक परेको बनेको हो । यो गठबन्धन कसैलाई चुनाव जिताउन वा हराउनको लागि बनेको होइन । कसैको व्यक्तिगत चाहनाले यो गठबन्धन बनेको होइन । पवित्र उद्देश्यले बनेको गठबन्धनमा नेपाली कांग्रेस, माओवादी र समाजवादीसँगै अन्य पार्टीका साथीहरु पनि ईमान्दारितापूर्वक लाग्नु भएको छ । यो गठबन्धन अहिले मात्रै होइन जुन बेला देशलाई अप्ठ्यारो पर्छ त्यो बेलामा यसअघि पनि बनेको थियो । शसस्त्र द्वन्द्वको बेलामा हामिले १२ बुँदे सहमतीदेखी शान्ती प्रक्रियालाई निष्कर्षमा पुर्याउने काममा पनि हाम्रो सहकार्यको गठबन्धन थियो । देश सजिलो अवस्थामा पुगिसकेपछि हामि पहिलाको जस्तै आफ्नो उद्देश्य अनुसार आ-आफ्नो बाटोमा गएर स्वस्थ प्रतिष्पर्धामा लाग्छौ । त्यसकारण यो गठबन्धनलाई चोक चौतारामा जसले जे भनेपनि यसको पवित्र उद्देश्य छ ।

***तपाईले आफ्नो मुख्य प्रतिष्पर्धीको रुपमा कसलाई लिनु भएको छ ?***

म अरुको कुरा धेरै गर्न चाहदिन । म सँगै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिनु भएका सबै मेरो प्रतिष्पर्धी हुनुहुन्छ । तर,प्रतिष्पर्धा भन्दा पनि जनताको माझमा कसले काम गर्न सक्छ, पदमा नहुदा पनि कसले काम गरेको थियो भन्ने कुरा मुल्यांकन गरेर जनताले मतदान गर्नुपर्छ ।

***तपाईको जित्ने आधार के हो ?***

मेरो जित्ने मेरो मतदाता हो । मेरो निर्वाचन क्षेत्रको आदरणीय, आमा, बुवाहरु, दाजुभाई, दिदिबहिनीहरु नै मेरो आधार हो । उहाँहरुले नै मलाई ०७४ मा पनि विश्वास गरेर मत दिनुभएको थियो । प्राविधिक कारणले मैले जित्न सकिन । अहिले पनि उहाँहरुले यसलाई अवसर दिए केहि गर्छ भन्ने खालको विश्वास देखाइरहनु भएको छ । र यो पटक जनताको अपार मायाले मैले चुनाव जित्छु भन्नेमा विश्वस्त छु ।

साझाकुरा

***"तपाई हामी सबैको कुरा"***

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**

वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



# मकवानपुरमा मतदानको दिन कुन सवारी चलाउने पाउने कुन नपाउने ?

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतदानका लागि चल्न पाउने र नपाउने सवारी साधनको टुंगो निर्वाचन आयोगले लगाएको छ ।

विगतका निर्वाचनमा मतदानका दिन सार्वजनिक सवारी साधनलाई सञ्चालनमा रोक लगाउँदै आएको थियो । तर, आयोगले आगामी निर्वाचनमा भने सवारी साधन चलाउन सकिने बारे राय दिएपनि जिल्लास्थित सुरक्षा समितिहरुले सवारीसाधन व्यवस्थापनमा कठिनाई हुने भनेपछि आयोग पछि हटेको थियो । मकवानपुरबाट पनि जिल्ला प्रशासन कार्यालयले सवारी साधन सञ्चालन गर्न दिन नसकिने बारे आयोगलाई पत्र लेखेको यसअघि पत्रकारहरुसँगको भेटमा प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले जानकारी थिए । उनले निर्वाचनमा सुरक्षा निकायका अधिकांश जनशक्ति मतदान स्थल र मतदान केन्द्रहरुमा खटिने भएकाले सवारीसाधन व्यवस्थापन गर्न नसकिने पत्र आयोगलाई पठाएको बताएका थिए ।



निर्वाचन आयोगले संसदीय निर्वाचनको मतदानका दिन सवारीसाधन सञ्चालनमा सहजीकरण गरेको हो । सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गर्दै आयोगले उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । त्यसका लागि सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतसमक्ष निवेदन दिनुपर्नेछ । उम्मेदवारबाहेक अन्य निकाय वा संस्थाले मतदानको दिन सवारीसाधन प्रयोग गर्न सम्बन्धित निकाय वा संस्थाको आधिकारिक लेटर प्याडमा सवारी साधन नम्बर, सवारी साधनको किसिम र सवारी साधन प्रयोगकर्ताको नामसमेत उल्लेख गरी अनुमति जारी गर्ने निकाय वा अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

स्वीकृत मापदण्डबमोजिम मतदानको दिन अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरुको हकमा पासपोर्ट, भिषा र हवाई टिकटका आधारमा बासस्थानदेखि विमानस्थलसम्म र विमानस्थलदेखि यात्रुको बासस्थानसम्मको आवागमनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्नुपर्नेछ भने अपांगता भई आफैं हिँडडुल गर्न नसक्ने व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न अवधि कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपांगता परिचयपत्रका आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ ।

अशक्तताको कारणले आफैं हिँडडुल गर्न नसक्ने व्यक्तिको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा निर्वाचन अधिकृतले तोकिएको ढाँचामा अनुमतिपत्र जारी गर्न सक्नेछ । मतदानको दिन बिरामी बोकेको एम्बुलेन्स, खानेपानीको ट्यांकर, दुध बोक्ने सवारी साधन, दमकल, सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचयपत्र वाहक सञ्चार कर्मीले प्रयोग गर्ने सवारी साधनलाई सञ्चालन गर्न दिइने आयोगले जनाएको छ ।

यसैगरी, दूरसञ्चार तथा केबुल सेवाका लागि प्रयोग हुने सवारीसाधन, शव वाहन, अस्पतालमा कार्यरत् परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन, निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारीसाधन, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन, कूटनीतिक नियोग, युएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरूमा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारीसाधनलाई पनि चल्न दिइने भएको छ ।

विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन, सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधनका लागि अनुमति लिनु पर्दैन । तर त्यस्ता सवारी साधन मतदाता ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन । मापदण्ड विपरीत सवारीसाधन प्रयोग गरेको अवस्थामा त्यस्ता सवारी साधनलाई कब्जामा लिई आवश्यक कानूनी कारवाही गर्ने आयोगले जानकारी दिएको छ ।



जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका-५ तिनतलेमा भएको टिपर दुर्घटना । हेटौंडाबाट फापरबारीतर्फ सिलकट बोकेर जाँदै गरेको प्रदेश २-०३-००१ख ०८१४ नम्बरको टिफर ब्रेक फेल भएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । टिपर सडकबाट करिब १०/१२ मिटर तल खसेको थियो । दुर्घटनामा सर्लाही ईश्वरपुर नगरपालिका-१२ बस्ने २४ वर्षीय सागर खड्का र बारा निजगढ नगरपालिका-५ बस्ने ४४ वर्षीय धर्म प्रसाद चौलागाई घाइते भएका छन् । उनीहरुको चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । *तस्बिर सौजन्य: दिनेश हुमागाई ।*

## बर्तौलासँग जन्मथलोबासीले मागे खानेपानी, बिजुली

साझाकुरा संवाददाता



हेटौंडा, २७ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा नेकपा एमालेबाट उम्मेदवार रहेका महेश बर्तौलासँग जन्मथलो नामटारबासीले खानेपानी र बिजुली माग गरेका छन् ।

बर्तौला आइतबार निर्वाचन प्रचारप्रसार कार्यक्रमअन्तर्गत् जन्मस्थान नामटारमा पुग्दा स्थानीय बासिन्दा खुशी भएका थिए । बर्तौलाको स्वागत गर्दै नामटारको इतिहासमा नै पहिलोपटक स्थानीय क्षेत्रको प्रतिनिधिसभाको सदस्यका उम्मेदवार पाएकोमा उनीहरुले खुशी व्यक्त गरेका थिए । स्थानीय क्षेत्रको युवा उम्मेदवारलाई गाउँमा पाउँदा फूलमालाले स्वागत गरे । स्वागत कार्यक्रममा स्थानीयले गाउँमा वर्षौंदेखिका खानेपानी, बिजुलीसंगै शिक्षा, स्वास्थ्यका समस्याहरु खुलेर राखेका थिए । स्थानीयका समस्या सुनेपछि बर्तौलाले आफू जन्मिएको भूगोल भएकोले यस क्षेत्रको सबै समस्या बुझेको र समाधान गर्न तयार रहेको बताए ।

पहिलेका उम्मेदवारहरुले हरेक चुनावमा नामटारमा पुग्ने पक्की सडक निर्माणको कुरा उठाए पनि कार्यान्वयन नगरेकोमा चिन्ता व्यक्त गर्दै बर्तौलाले आफूले बोलेका कुरा पूरा गरेर देखाउने स्थानीयलाई आश्वस्त पारे । निर्वाचनमा आफ्नो जीत सुनिश्चित रहेको बताउँदै उनले विकासका लागि आफू पाँच वर्ष यही क्षेत्रमा रहेर काम गर्ने बताए । सडक, खानेपानी र बिजुलीका विषयमा धेरै राजनीति भएको बताउँदै उनले अब काम गरेर देखाउने पालो आएको बताए । 'अरु नेता जस्तो चुनावमा आश्वासनमात्र बाँड्ने होइन आफू काम गरेर देखाउन उम्मेदवार भएको छु', बर्तौलाले भने ।

यसैगरी, कैलाश गाउँपालिकाको कालिकाटारको चुनावी आयोजित सभामा बर्तौलाले जिल्लाको विकट यस क्षेत्रको हरेक विकासका काममा आफू सदैव साथमा रहने बताए । यस क्षेत्रबाट वर्षायाम लागेपछि सदरमुकाम हेटौंडा ओहोर दोहोर गर्न भइरहने समस्या सँधैका लागि अन्त्य गर्न सडक लगायतको पूर्वाधार निर्माण आफूले सक्दो सहयोग गर्ने उनले बताए । उनले २ नम्बर क्षेत्रका हरेक वडामा पुगेर स्थानीय स्तरका समस्यालाई उठाउँदै समाधानतर्फ आफूले प्राथमिकताका साथ काम गर्ने प्रतिबद्धता दिइरहेका छन् ।

## पूर्व वडाध्यक्ष सहित ३६ जना कांग्रेस प्रवेश

हेटौंडा, २७ कात्तिक/ नेकपा एमालेको गतिविधिप्रति रुष्ट बन्दै पार्टी परित्याग गरी बसेका नेकपा एमालेबाट मनहरी गाउँपालिका ५ नम्बर वडाका निर्वाचित पूर्व वडाध्यक्ष शुभराज थिङ नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

एमाले मनहरी गाउँपालिका सहइन्चार्जसमेत रहेका थिङसहित २०७४ मा निर्वाचित वडा सदस्य एवम् एमाले मनहरी ५ नम्बर वडा कमिटी सोमनाथ रुम्बा पनि कांग्रेसमा प्रवेश गरेकी हुन् । थिङको नेतृत्वमा आइतबार ३६ जना एमालेका कार्यकर्ताले नेपाली कांग्रेसको सदस्यता लिएका छन् । नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् मकवानपुर क्षेत्र नम्बर २ (ख)का प्रदेशसभा सदस्य उम्मेदवार इन्द्रबहादुर बानियाँले नवप्रवेशीलाई पार्टीमा स्वागत गरेका छन् । एमालेबाट कांग्रेसमा प्रवेश गरेका शुभराज थिङलाई आजै नेपाली कांग्रेस जिल्ला सदस्यमा मनोनितसमेत गरिएको छ ।

कार्यक्रममा सहभागी पार्टी मकवानपुर सभापति बुद्ध लामाले थिङलाई पार्टीको जिल्ला सदस्यमा मनोनयन गरिएको जानकारी गराए । लोकतान्त्रिक बाम गठबन्धनको शनिबार मनहरी ५ को बसन्तपुर र डिल्लीपुरमा आयोजित कोणसभा बीच एमाले नेता कार्यकर्ता कांग्रेस प्रवेश गरेका थिए । चुनाव प्रचार प्रसार समिति मनहरी ५ संयोजक गोविन्दप्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य राजाराम स्याङ्तान, नेकपा माओवादी केन्द्र मनहरी अध्यक्ष रामप्रसाद कालाखेती लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## मिडियाले निष्पक्ष भएर समाचार प्रवाह गर्नुपर्नेमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, २७ कात्तिक/ आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई निष्पक्षरुपमा स्वच्छ वातावरण सम्पन्न गराएको लागि मिडियाले निष्पक्ष भएर समाचार प्रवाह गर्नुपर्ने सरोकारवालाहरुले बताएका छन् ।



फ्रि मिडिया नेटवर्कको आयोजनामा आइतबार हेटौंडामा भएको कार्यक्रममा सरोकार वालाहरुले यस्तो बताएका हुन् । कार्यक्रममा नेपाल पत्रकार महासंघ केन्द्रीय अध्यक्ष विपुल पोखरेलले निर्वाचन परिणाम मानवीय चासोको विषय भएकोले प्रतिष्पर्धा हुने बताउँदै त्यहीअनुसारको व्यवस्थापनको विकल्प खोज्नुपर्ने निर्वाचन कार्यालय र प्रशासनसमक्ष ध्यानाकर्षण गराए ।

अध्यक्ष पोखरेलले पत्रकारलाई आचारसंहिता सँधै पालन गर्न आग्रह गरे । पत्रकारिताप्रति सामाजिक विश्वास कायम राख्न निर्वाचनको समयमा अझै सचेत हुन उनले आग्रह गरे । तथ्य पत्रकारिताको लागि सँधै तत्पर रहन पत्रकारलाई उनले आग्रह गरे । कार्यक्रममा मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले सञ्चार गतिविधिमा सही र सत्य हुनुपर्ने, कामको सिलसिलामा तोकिएको आचारसंहिताको सवालमा निष्पक्ष हुनुपर्ने, पत्रकार छुट्टै हौं भन्ने भाव पत्रकारले नराख्न आग्रह गरे ।

पत्रकारको आचारसंहिता निर्वाचन केन्द्रीयमात्रै नभई सदा आफ्नो आचरण पालन गर्न उनले आग्रह गरे । निर्वाचन माहोल बिग्रने समाचार सकेसम्म प्रसार नगर्नतर्फ ध्यान दिनुपर्ने प्रजिअ पाण्डेले आग्रह गरे ।

यसैगरी, मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले निर्वाचनलाई भयरहित बनाउने जिम्मेवारी प्रहरी, प्रशासन, पत्रकार, आमनागरिक सबैको जिम्मेवारी बराबरी रहेको बताए । सबैले आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न निरौलाले आग्रह गरे । आममतदातालाई मतदानको लागि प्रेरित गर्ने गरी काम नभएको, मतदानको महत्व र भूमिकामाथि स्पष्ट नगरिएको स्वतन्त्र पत्रकारहरुले ध्यानाकर्षण गराएका थिए ।

आसन्न निर्वाचनको लागि मकवानपुरमा २ हजार ९ सय १८ जना कर्मचारी ३६४ वटा मतदान केन्द्र, १६७ वटा मतदान स्थल, ३६६ जना मतदान अधिकृत र यति नै संङख्यामा सहायक मतदान अधिकृत खटिएका छन् । उनीहरुलाई निर्वाचन केन्द्रीत तालिमसमेत प्रदान गरिएको निरौलाले बताए । निरौलाका अनुसार प्रत्येक मतदान केन्द्रमा ११ जनाका दरले सुरक्षाकर्मी खटिने छन् ।

कार्यक्रममा प्रेस चौतारी नेपाल मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, मानव अधिकार संरक्षण तथा मानव बेचबिखनबिरुद्धको जिल्ला सञ्जाल अध्यक्ष आरती पाठक, स्वतन्त्र पत्रकार सुरेश श्रेष्ठलगायतले सुझाव राखेका थिए । कार्यक्रम नेटवर्कको अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको थियो ।

## १३ जना डेंगु संक्रमित थपिए

हेटौंडा, २७ कात्तिक/ मकवानपुरमा आइतबार १३ जना डेंगु संक्रमित थपिएका छन् । स्वास्थ्य कार्यालयले आइतबार दिउँसो सार्वजनिक गरेको विवरणअनुसार जिल्लामा १३ जना डेंगु संक्रमित थपिएका हुन् । डेंगु संक्रमण पुष्टि हुनेमा १३ जना नै मनहरी गाउँपालिकाका रहेका छन् । योसँगै जिल्लामा डेंगु पुष्टि हुनेको संख्या ५ हजार ४ सय ८ जना पुगेको छ ।


### हार्दिक समवेदना



जन्म: २०३५/०५/२६

स्वर्गारोहण: २०७९/०७/१६

स्व. सुनिल कुमार दास

सिन्दुरिया समाज नेपालका उपाध्यक्ष **सुनिल कुमार दास**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**राजबाबु दास कथबनियाँ (अध्यक्ष)**
**एवम्**
**सिन्दुरिया समाज नेपाल, परिवार**
**मकवानपुर**

### हार्दिक समवेदना



जन्म: २०३५/०५/२६

स्वर्गारोहण: २०७९/०७/१६

स्व. सुनिल कुमार दास

संयुक्त मधेसी सेवा समाज नेपालका सदस्य **सुनिल कुमार दास**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुशिल प्रसाद सेनुरिया बनियाँ (अध्यक्ष)**
**एवम्**
**संयुक्त मधेसी सेवा समाज नेपाल**
**परिवार, मकवानपुर**




**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना